# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : नक्साल, काठमाण्डौ

फोन नं. ०१-४५१३७११,४५१३८४०


## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहायबमोजिम रहेको छ ।

**विवरण सार्वजनिक गरेको मिति : २०८२/०७/२७ (आर्थिक अभियान राष्ट्रिय दैनिक)**

(क) **निकायको स्वरूप र प्रकृति** : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था हो ।

(ख) **निकायको काम, कर्तव्य र अधिकार** : यस वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिमका रहेका छन् ।

(ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** : यस संस्थामा करार सेवामा कार्यरत सहित १,०५३ जना कर्मचारीहरु रहेका छन् । कर्मचारीहरूको कार्य विवरण संस्थाले समय समयमा तोके बमोजिम हुनेछ ।

(घ) **निकायबाट प्रदान गरिने सेवा** : यस संस्थाले प्रदान गर्ने सेवाहरूमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूले प्रदान गर्न सक्ने सम्पूर्ण लघुवित्त वित्तीय सेवाहरू रहेका छन् ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : यस संस्थाका शाखा कार्यालयहरू र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरूको विवरण संस्थाको वेवसाईट : www.nirdhan.com.np मा उपलब्ध छ ।

(च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** : यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको वेवसाईटः www.nirdhan.com.np मा उपलब्ध छ ।

(छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी** : यस संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रीकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरूका लागि संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : यस संस्थामा प्राप्त गुनासा, उजुरी तथा सुझावहरू उपर गम्भीरतापूर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरू समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ। केन्द्रीकृतरूपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीकोरूपमा रहनु हुनेछ।

(झ) **सम्पादन गरेको कामको विवरण** : यस संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्ग अन्तर्गतका वित्तीय संस्थाहरूले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण लघुवित्त कार्यसँग सम्बन्धित विवरणहरू त्रैमासिकरूपमा राष्ट्रियस्तरको पत्रिकामा नियमितरूपमा प्रकाशित गर्ने गरिएको छ । साथै संस्थाको वेवसाईटमा पनि सूचनाहरू राखिएको छ ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद** : सूचना अधिकारीः श्री जग्य प्रसाद पन्त, वरिष्ठ व्यवस्थापक तथा कम्पनी सचिव, कार्यालय प्रमुखः श्री मुकेश दहाल, प्रमुख कार्यकारी अधिकृत ।

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** : नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरू तयार गरी लागू गरिएको छ ।

(ठ) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** : यस संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित हुँदै आएको र यस संस्थाको वेवसाईट : www.nirdhan.com.np मा समेत राखिएको छ ।

(ड) **तोकिए बमोजिमका अन्य विवरण** :

१. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण** : वार्षिक साधारण सभा, कर्मचारीहरूको तालिम तथा गोष्ठी, ग्राहक सदस्यहरूको तालिम तथा गोष्ठी आदि ।

२. **सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण** : www.nirdhan.com.np

३. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण** : प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक वित्तीय विवरणहरू, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरू आदि ।